# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.

Ref. No.

## सूचीकरण नहुने/नगर्ने सम्बन्धी सूचना !

नेपालमा लेखाव्यवसायको विकास, संरक्षण र सम्बर्द्धनका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत एक स्वायत्त नियमनकारी निकायको रूपमा **'नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था'** स्थापना भएको सर्वविदितै छ । यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले कुनै पनि निकायमा सूचीकरण गर्नु नपर्ने तथा ती निकायलाई लेखाव्यवसायी फर्महरूको नामावली आवश्यक भएमा यस संस्थबाट वा संस्थाको वेवसाईट www.ican.org.np बाट सहजै प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सबैमा अवगत नै छ । यस संस्थावाट प्रमाणपत्र प्राप्त लेखापरीक्षकद्वारा सम्पादन गरिने लेखा, लेखापरीक्षण वा लेखाव्यवसायसँग सम्वन्धित कुनै पनि कार्य गर्न सूचीकरण गर्नु नपर्ने सम्वन्धमा यस अघि संस्थाबाट विभिन्न मितिमा सूचना प्रकाशन गरी सम्बन्धित सबैमा जानकारी गराइएको र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५/०६/१४ गतेको निर्णयअनुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले उपलब्ध गराउने सूचीबाट नै लेखापरीक्षक नियुक्ति गर्न सबै स्थानिय निकायहरूमा समेत परिपत्र भए बमोजिम सोको सूचना समेत मिति २०७५/०६/१६ मा प्रकाशित भई सोको व्यहोरा सम्बन्धित सबैमा जानकारी भएकै छ । संस्थाका सदस्यहरूले आफ्नो लेखाव्यवसायसँग सम्बन्धित सेवा प्रदान गर्नकै लागि शुल्क तिरी वा नतिरी कुनै पनि नाममा दर्ता वा सूचीकृत हुनुपर्ने भएमा लेखापरीक्षण कार्यको निष्पक्षता तथा स्वतन्त्रता माथि गम्भिर प्रश्नचिन्ह खडा हुन सक्ने साथै समग्र स्वतन्त्र लेखापरीक्षण व्यवसायप्रति नै अन्यौलता सिर्जना हुन जाने भएको र हरेक स्थानीय तहमा सूचीकृत हुनु पर्ने व्यवस्था भएमा कुनै पनि तरिकाले व्यवहारिक समेत नहुने स्पष्ट छ ।

तसर्थ स्थानीय निकायहरूले आगामी दिनमा सम्बन्धित स्थानिय तह अन्तर्गतका विद्यालय लगायतका निकायहरूको लेखापरीक्षक नियुक्ति गर्दा गराँउदा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त गरी नवीकरण गराएकामध्ये कुनै पनि सदस्यलाई बर्जित नगर्ने गरी नियुक्ति गराउने व्यवस्था मिलाउनुहुन समेत अनुरोध गरिन्छ ।

साथै, यस संस्थाका सदस्यहरूले कुनै पनि प्रकारको शुल्क वा रकम तिरी वा नतिरी सूचीकृत भए गरेको पाइएमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ र लेखापरीक्षण सम्बन्धी आचारसंहिताको पालना नगरेकोमा आवश्यक कारबाही हुने व्यवस्था भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदै यस्तो कार्य नगर्न/नगराउन हुन पुनः यो सूचना प्रकाशित गरिएको छ ।


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

The Institute of Chartered Accountants of Nepal

(Established under The Nepal Chartered Accountants Act - 1997)

ICAN Marg, Satdobato Lalitpur

Post Box No. : 5289, Ph.: 5530730, 5530832

Web: http://www.ican.org.np, Email: ican@ntc.net.np


Published in Gorkhapatra daily on 07th Jan, 2022

Executive Director

Sajay Singh

08/01/2023

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३